**Surkhet Journal**
[A Peer-Reviewed, Open-Access, Indexed in NepJOL, DOI, Multidisciplinary Journal]
ISSN 2362-1230 (Print)
Published by the Research Management Cell (RMC)
Surkhet Multiple Campus, Birendranagar, Surkhet
Tribhuvan University
**DOI:**

# नेपालमा बिपद् व्यवस्थापनः विपद्को अवस्था, नीतिगत तथा कानुनी अभ्यासहरू

(Disaster Management in Nepal: Disaster Situation, Policy, and Legal Practices)

*Received on 22 July, 2025; Accepted on 21 August, 2025; Published on November, 2025*

**लाल बहादुर ओली**
सह-प्राध्यापक, त्रिभुवन विश्वविद्यालय, भूगोल केन्द्रीय विभाग, कीर्तिपुर
lal.oli@cdg.tu.edu.np
https://orcid.org/0009-0004-7163-5684

## सार (Abstract)

*प्रस्तुत लेखमा नेपालमा बिपदको अवस्था, बिपद व्यवस्थापनका नीतिगत तथा कानुनी अभ्यास र विपद व्यवस्थापनमा देखिएका चुनौतिहरूका सम्बन्धमा व्याख्या विश्लेषण गर्ने उद्देश्य राखिएको छ । यस अध्ययनमा द्वितीय स्रोतहरूबाट प्राप्त सूचना र तथ्याङ्कहरूलाई वर्णनात्मक ढाँचामा व्याख्या र विश्लेषण गरिएको छ । यस अध्ययनको निचोड अनुसार नेपाल भौगोलिक, सामाजिक र पर्यावरणीय कारणले अत्यधिक विपद्-संवेदनशील मुलुक हो, जहाँ प्रत्येक वर्ष विभिन्न प्रकारका प्राकृतिक तथा मानवजन्य विपद्हरूले गम्भीर जनधनको क्षति पुर्‍याउँदै आएका छन् । पछिल्ला वर्षहरूमा विपद्का घटनाबाट भएका ठूलो क्षतिहरूले प्रभावकारी, पूर्वतयारीसहितको, वैज्ञानिक र समुदाय-आधारित विपद् व्यवस्थापनको खाँचो स्पष्ट पार्दछ । यद्यपि संविधान, ऐन, नीति, कार्ययोजना र अन्तर्राष्ट्रिय ढाँचाको आधारमा कानुनी तथा संस्थागत संरचना बनेका छन्, तिनको प्रभावकारी कार्यान्वयनमा अझै कमजोरी देखिन्छ । समन्वयको अभाव, स्रोत र दक्ष जनशक्तिको कमी, साथै प्रविधिको सीमित प्रयोग मुख्य चुनौतीका रूपमा रहेका छन् । प्रभावकारी विपद् व्यवस्थापनका लागि दीर्घकालीन रणनीति, स्थानीय तहको क्षमता अभिवृद्धि, प्रविधिको उचित उपयोग र जनचेतनाको वृद्धि आवश्यक छ । यदि नीति र कार्यक्रमहरूबीचको अन्तर कम गर्दै समन्वयात्मक र पूर्वतयारीमुखी दिगो व्यवस्थापन प्रणाली विकास गरीएमा मात्रै नेपालमा विपद् प्रतिरोधी समाजको निर्माण सम्भव हुनेछ । यसका लागि सरकार, नागरीक समाज, निजी क्षेत्र र अन्तर्राष्ट्रिय साझेदारबीच सशक्त सहकार्य अनिवार्य छ । संयुक्त प्रयासद्वारा मात्र नेपाललाई सुरक्षित, सक्षम र विपद् प्रतिरोधात्मक राष्ट्रको रूपमा अघि बढाउन सकिन्छ ।*

**मुख्य शब्दावलीः** विपद् व्यवस्थापन, जलवायु परिवर्तन, जनचेतनना, पुर्वतयारी, जोखिम न्युनीकरण ।

## परिचय (Introduction)

हालको विश्व परिप्रेक्ष्यमा विपद्का घटनाहरू तीव्र गतिमा बढिरहेका छन्, जसले मानव जीवन, सम्पत्ति, पूर्वाधार र वातावरणमा गम्भीर प्रभाव पारिरहेका छन् । २१ औँ शताब्दीका विश्वव्यापी चुनौतीहरूमध्ये निरन्तर बढ्दो प्रकोपहरू एक हुन् (Pant, et.al, 2020) । नेपालजस्तो भौगोलिक विविधता र प्राकृतिक संवेदनशीलतायुक्त मुलुकमा विपद् व्यवस्थापन अत्यन्त जरूरी विषय बनेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार विपद् भन्नाले त्यस्ता प्राकृतिक वा गैरप्राकृतिक घटनालाई जनाउँछ । यसले मानव जनजीवनमा आपतकालीन अवस्था सिर्जना गरी जन वा धनको क्षति पुऱ्याउँछ र वातावरणमा प्रतिकूल असर पार्दछ । यस्ता जोखिमहरूबाट जनधनको क्षति कम गर्ने, आवश्यक पूर्वतयारी गर्ने, उद्धार, राहत तथा पुनःस्थापना कार्यहरू समेटिएको सम्पूर्ण प्रणालीलाई नै विपद् व्यवस्थापन भनिन्छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४' अनुसार विपद् भन्नाले त्यस्ता प्राकृतिक वा गैरप्राकृतिक घटनालाई जनाउँछ जसले जनजीवनमा आपतकालीन अवस्था सिर्जना गरी जन वा धनको क्षति पुऱ्याउँछ र वातावरणमा प्रतिकूल असर पार्दछ । यस्ता जोखिमहरूबाट जनधनको क्षति कम गर्ने, आवश्यक पूर्वतयारी गर्ने, उद्धार, राहत तथा पुनःस्थापना कार्यहरू समेटिएको सम्पूर्ण प्रणालीलाई नै विपद् व्यवस्थापन भनिन्छ । अर्को अर्थमा 'विपद् व्यवस्थापन' भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ (आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश नेपाल, २०७७) । विपद् भन्नाले जनजीवनमा अवरोध उत्पन्न गराउने एउटा यस्तो घटना हो जसले मानवीय जीवनमा क्षति पुऱ्याउँछ, रोग फैलाउने सम्भावना बढाउँछ, साथै वातावरणीय र आर्थिक अवस्थामा नकारात्मक प्रभाव पार्छ (Tuladhar et. al.., 2014) । यसर्थ विपद् व्यवस्थापनले, विपद् आउँदा तत्काल गरीने प्रतिकार्य र विपद्पछिको पुनःस्थापना (पुनर्लाभ) सम्बन्धी सम्पूर्ण कार्यलाई समेट्छ ।

नेपाल हिमालयन श्रृंखलासँग जोडिएको एक पर्वतीय मुलुक हो । यो देश प्राकृतिक प्रकोपहरूका लागि अत्यधिक संवेदनशील मानिन्छ । यसको मुख्य कारण भनेको यहाँको भौगोलिक बनावटको नाजुक प्रकृति र अधिकांश क्षेत्रमा पाइने अत्यधिक जलवायु परिस्थिति हो (Mainali & Pricope, २०१७) । यसैगरी कमजोर भू-संरचना, पर्वतीय क्षेत्रको सक्रिय भूगर्भीय चाल, र जलवायु परिवर्तनबाट उत्पन्न हुने चरम मौसम घटना हुन् । हिमाली क्षेत्रमा हिमताल विस्फोट र हिमपहिरो, पहाडी क्षेत्रमा बाढी, पहिरो, चट्याङ, र तराई तथा चुरे क्षेत्रमा डुबान, आगलागी, महामारी, खडेरी आदि विपद्का घटनाहरू वर्षेनी दोहोरिन्छन् । नेपालमा वर्षेनी करिब ५०० भन्दा बढी विपद्का घटना घट्छन् र करिब ९०० जनाले ज्यान गुमाउने गरेका छन् । सन् २०१५ को विनाशकारी भूकम्पले करिब ९,००० जनाको ज्यान गयो, हजारौं संरचनाहरू ध्वस्त भए र लाखौं मानिसहरू विस्थापित भए । वर्तमान तथ्याङ्कहरू अनुसार नेपाल विश्वमा बहु-विपद् जोखिममा २०औं स्थानमा, जलवायु परिवर्तनजन्य

जोखिममा चौथो स्थानमा, भूकम्पीय जोखिममा ११औं स्थानमा र बाढीजन्य जोखिममा ३०औं स्थानमा पर्दछ । करिब ८० प्रतिशतभन्दा बढी जनसंख्या कुनै न कुनै रूपमा विपद् जोखिममा रहेको मानिन्छ (Ministry of Home Affairs, 2016, गृहमन्त्रालय, २०७५) । बिपदजन्य घटनाहरूबाट हुने क्षति न्यूनीकरण गर्नु, आपतकालीन पूर्वतयारी तथा पीडितलाई उद्धार र पुनर्स्थापना गर्नका लागि बिपद व्यवस्थापन आवश्यक हुन्छ । यस जटिल र संवेदनशील अवस्थालाई दृष्टिगत गर्दै नेपाल सरकारले विपद् व्यवस्थापनका क्षेत्रमा विभिन्न नीतिगत तथा कानुनी पहलहरू गर्दै आएको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ विपद् व्यवस्थापनको प्रमुख कानुनी आधार हो जसले समग्र विपद् चक्र (पूर्वतयारी, प्रतिकार्य, पुनःस्थापना) समेट्ने नीति तय गरेको छ। यसैगरी विपद् व्यवस्थापन नियमावली, २०७६, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, र विपद् व्यवस्थापन कार्ययोजना मार्फत संघीय, प्रदेश र स्थानीय सरकारको भूमिकालाई स्पष्ट गरिएको छ। संघीय तहमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना गरिएको छ भने प्रत्येक तहमा विपद् व्यवस्थापन समिति र विपद् जोखिम नक्सांकनका कार्यक्रमहरू सञ्चालनमा छन् । नेपालले अन्तर्राष्ट्रिय स्तरमा सेन्डाई कार्यढाँचा (२०१५-२०३०), पेरिस सम्झौता (जलवायु परिवर्तन), र दिगो विकास लक्ष्य (SDGs) मा समेत आफ्नो प्रतिबद्धता जनाएको छ (Bhandari, et.al., 2020)।

नेपाल सरकारद्वारा विपद् जोखिम व्यवस्थापनका लागि अनुकूल वातावरण सृजना गर्ने उद्देश्यले विभिन्न कानुनी तथा नीतिगत व्यवस्था निर्माण र कार्यान्वयन गर्न प्रयास गरेता पनि हालसम्म विपद् जन्य क्षतिमा उल्लेखनीय कमी हासिल गर्न सकिएको छैन । यस सन्दर्भमा, विपद्जोखिम व्यवस्थापनसम्बन्धी विद्यमान नीति, कार्यक्रम र संस्थाहरूको पुनरावलोकन गरी ती व्यवस्थाहरूमा सुधारका सम्भावित क्षेत्रहरूको पहिचान गर्नु आजको गम्भीर आवश्यकता भएको छ । प्रस्तुत लेखमा नेपालमा बिपदको अवस्था, बिपद व्यवस्थापनका लागि गरीएका नीतिगत, कानुनी तथा संस्थागत अभ्यास र विपद व्यवस्थापनमा देखिएका चुनौतिहरूवारे व्याख्या विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## अध्ययन विधि (Methodology)

यो अध्ययन पूर्ण रूपमा द्वितीय स्रोतमा आधारित छ । अध्ययनका लागि नेपाल सरकार गृहमन्त्रालयद्वारा प्रकाशित नेपाल बिपद् प्रतिवेदन २०१६ र २०१९, तथा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित प्रतिवेदन Environmental statistics of Nepal २०२४ लाई सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ । साथै, नेपाल कानुन आयोगको वेभसाइटबाट प्राप्त विपद् व्यवस्थापनसँग सम्बन्धित ऐन, नियम, र कानुनी दस्तावेजहरू पनि सङकलन गरीएका छन् । त्यसैगरी विभिन्न सन्दर्भ पुस्तकहरू, जर्नलहरू, सरकारी तथा गैरसरकारी कार्यालयद्वारा तयार पारिएका प्रतिवेदनहरू, र अनलाइन माध्यमहरूबाट प्राप्त जानकारी तथा तथ्याङ्कहरू समेत यस अध्ययनमा उपयोग गरीएका छन् । यी विभिन्न स्रोतबाट प्राप्त सूचना र तथ्याङ्कहरूलाई वर्णनात्मक ढाँचामा प्रस्तुत गरिएको छ र सोही आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ। यसरी विभिन्न स्रोतहरूबाट सङ्कलित जानकारीको प्रयोग गरी विपद् व्यवस्थापनसम्बन्धी समग्र तस्विर अध्ययनमा प्रस्तुत गरिएको छ ।

## परिणाम तथा छलफल (Results and Discussion)

### नेपालमा विपदको अवस्था

नेपाल एक विपद्-संवेदनशील मुलुक हो जहाँ प्राकृतिक तथा मानवजन्य दुवै प्रकारका विपद्हरू बारम्बार घटिरहेका छन् भौगोलिक विविधता, कमजोर पूर्वाधार, र सीमित स्रोतसाधनका कारण यहाँ भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी, हिमनदी विस्फोट, आँधीबेहरी, असिना र खडेरीजस्ता विपद्हरू बारम्बार आइरहन्छन् । सन् १९७१ देखि २०१८ सम्मको अवधिमा २८,५९७ वटा विपद् घटेका छन् जसबाट ४१,००६ जनाको मृत्यु, ८३,३४१ जना घाइते र १३,४२,७९० घरहरूमा क्षति पुगेको छ भने ५९,७४,५२३ परिवार प्रत्यक्ष प्रभावित भएका छन (MoHA, २०१९) । यस तथ्याङ्कले नेपालमा विपद्को गम्भीरता स्पष्ट देखाउँछ । यी विभिन्न बिपदजन्य घटनाका कारण ठूलो मात्रामा धनसम्पत्ति तथा भौतिक संरचनामा क्षति भै नेपालको कुल ग्राहस्थ्य उत्पादनमा समेत नकारात्मक प्रभाव परेको छ । वास्तवमा विभिन्न बिपदजन्य घटनाबाट वर्षेनी ठूलो मात्रामा मानवीय, आर्थिक, भौतिक र सामाजिक क्षति भइरहेको छ । नेपालमा सन् २०१६ देखि २०२३ को अवधिमा विभिन्न प्रकारका प्राकृतिक तथा मानवजन्य विपद्का घटनाहरूले जनधनमा गम्भीर क्षति पुऱ्याएका छन् । सन् २०१६ - २०२३ सम्मको समयावधिमा नेपालमा बिपदजन्य घटनाहरूबाट हुने क्षति र नोक्सानी विवरण तालिका १मा दिइएको छ ।

**तालिका १: सन् २०१६ - २०२३ सम्म बिपदका घटनाहरूबाट भएको क्षति र नोक्सानी विवरण**

| क्र.सं. | घटनाको प्रकार | मृतक संख्या | हराएका व्यक्तिको संख्या | घाइते संख्या | क्षति पुगेका घर संख्या | प्रभावित परिवार संख्या | घटनाको संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | पहिरो | १०२३ | १६० | ९२९ | ६९७० | १०९६० | २८१६ |
| २ | आगलागी | ६६४ | ० | २६६७ | १४७५३ | २७२७४ | १९५३७ |
| ३ | चट्याङ | ६३७ | ० | २१८२ | ३३९ | ३११७ | २०५९ |
| ४ | बाढी | ४९९ | २१५ | १४८ | १९३८४ | ३१०७४ | १३१६ |
| ५ | जनावरद्वारा आक्रमण | २३१ | १ | १०८७ | ८०२ | २४५५ | १५३२ |
| ६ | भूकम्प | १६२ | ० | ४२१ | ६५५७३ | ६७९३० | १६३ |
| ७ | सर्पदंश | १२५ | ० | ८२ | ० | १९९ | १९७ |
| ८ | उच्च भू-क्षेत्र दुर्घटना | १०१ | ० | ७८ | ० | १६९ | १५७ |
| ९ | भारी वर्षा | ९५ | १ | २६५ | १९२८ | ३२२६ | १६१८ |
| १० | हावाहुरी | ८४ | १ | १४८३ | ६५७४ | १६९८३ | ८३२ |
| ११ | हवाइ दुर्घटना | ७५ | १ | १७ | ० | ९४ | ६ |
| १२ | शीतलहर | ४८ | ० | ० | ० | ४८ | ४८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | महामारी | ३८ | ० | २६९० | ० | १२१३ | २८ |
| १४ | डुङ्गा पल्टिने | ३३ | १७ | २२ | ० | ६० | २९ |
| १५ | हिमपहिरो | २५ | ५ | २८ | १ | ५६ | २१ |
| १६ | हिमआँधी | १७ | ० | १ | २ | १७४ | १० |
| १७ | वनडढेलो | ९ | ० | १७ | ५३ | ९६ | ४३० |
| १८ | ग्याँस चुहावट | ० | ० | १ | ० | ० | १ |
| १९ | असिना वर्षा | ० | ० | २ | २०३९ | २०४२ | ८ |
| २० | अचानक बाढी | ० | ० | १ | ० | १ | २ |
| २१ | भू-धँसाइ (सिन्कहोल) | ० | ० | ० | ० | १ | १ |
| २२ | असिनापात | ० | ० | ० | २ | ३१२७ | ५ |

स्रोतः NSO, 2024

तालिका १ अनुसार नेपालमा सन् २०१६ देखि २०२३ को अवधिमाको तथ्याङ्क विश्लेषण गर्दा सबैभन्दा बढी जनधनको क्षति पहिरोबाट भएको देखिन्छ भने आगलागी र चट्याङ पनि अत्यन्त प्रभावशाली विपद्हरूका रूपमा देखिएका छन् । बाढी र भूकम्पले पनि ठूलो असर पुऱ्याएका छन् । यस अवधिमा नेपालमा पहिरोका २८१६ वटा घटनाहरू भएका छन् जसबाट १०२३ जनाको मृत्यु, १६० जना हराएका र ९२९ जना घाइते भएका छन् । ६,९७० घरहरू क्षतिमा परेका छन् र १०,९६० परिवार प्रभावित भएका छन् । विशेषगरी हिमाली तथा पहाडी क्षेत्रहरूमा मुसलधारे वर्षासँगै पहिरोको जोखिम उच्च देखिन्छ ।

यसैगरी अत्यन्त व्यापक असर पार्ने विपद्मध्ये आगलागी पनि एक हो । यो अवधिमा १९,५३७ वटा आगलागीका घटना भएका छन् जसबाट ६६४ जनाको मृत्यु र २,६६७ जना घाइते भएका छन् । १४,७५३ घरहरू क्षतिमा परेका छन् र २७,२७४ परिवार प्रभावित भएका छन् । ग्रामीण क्षेत्रका कच्ची घरहरूमा आगलागीको जोखिम अत्यधिक हुने गरेको छ भने अर्कोतीर २,०५९ चट्याङका घटनामा ६३७ जनाको ज्यान गएको र २,१८२ जना घाइते भएको विवरण छ । चट्याङबाट पनि ग्रामीण क्षेत्रहरू बढी प्रभावित हुने गरेका छन् ।

नेपालका तराई तथा नदी किनार क्षेत्रहरूमा बारम्बार बाढी आउने गरेको छ । १,३१६ बाढीका घटनामा ४९९ जनाको मृत्यु, २१५ जना हराएको, र १४८ जना घाइते भएको छ । १९,३८४ घरहरू क्षतिमा परेका छन् र ३१,०७४ परिवार प्रभावित भएका छन् ।

भूकम्प जस्तो विनाशकारी तर कम आवृत्तिमा हुने विपद्ले पनि नेपालमा गम्भीर असर पारेको छ, जसको पछिल्लो उदाहरण सन् २०१५ को गोरखा भूकम्प हो । २०१५ को विनाशकारी भूकम्पपछि

पनि साना-ठूला भूकम्पीय गतिविधिहरू जारी छन् । भूकम्पका १६३ घटनामा १६२ जनाको मृत्यु, ४२१ जना घाइते, र ६५,५७३ घरमा क्षति पुगेको छ । जंगली जनावरहरूको आक्रमणबाट २३१ जनाको मृत्यु र १,०८७ जना घाइते भएका छन् । यो समस्याले तराई तथा वन नजिकका बस्तीहरूमा बढी असर पार्दछ ।

यसैगरी सर्पदंश, हिमपहिरो, हिमआँधी, भारी वर्षा, हावाहुरी, हवाइ दुर्घटना, महामारी, शीतलहर, डुङ्गा पल्टिने आदि यी सबै घटनाहरूबाट पनि मानिसहरूको जीवन र जीविकामा ठूलो असर परेको देखिन्छ । जसमा सर्पदंशबाट १२५ जना हिमपहिरोबाट २५ जना, हवाइ दुर्घटनाबाट ७५ जना, शीतलहरबाट ४८ जना र डुङ्गा पल्टिने घटनाबाट ३३ जनाको मृत्यु भएको छ, भने महामारीबाट २६९० जना घाइते भएका छन् ।

यी विपद्हरूले मानवीय क्षतिसँगै भौतिक संरचना, घरहरू, आर्थिक अवस्था, सामाजिक जीवन र विकासका पूर्वाधारहरूमा गहिरो असर पुऱ्याएका छन् । यी सबै घटनाहरूले देखाउँछन् कि नेपालमा विपद् व्यवस्थापन अझ प्रभावकारी, वैज्ञानिक र समुदाय-आधारित हुन जरूरी छ । दीर्घकालीन रणनीति, पूर्वतयारी, जोखिम न्यूनीकरण, र जनचेतनामूलक कार्यक्रम बिना विपद्का असर न्यूनीकरण गर्न सकिदैन । त्यसैले, विकासका सबै पक्षसँग विपद् जोखिम न्यूनीकरणलाई समेट्दै अगाडि बढ्नु अत्यावश्यक छ ।

## विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन तथा यस सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था

नेपालमा विगतमा विपद् व्यवस्थापन काम चलाउ रूपमा घटना भएपछि मात्रै गरीन्थ्यो । सन् १९८२ मा प्राकृतिक प्रकोप उद्धार ऐन लागू भई कानुनी रूपमा यस क्षेत्रमा थालनी भयो । यो ऐनलाई प्रतिस्थापन गर्दै २०७४ मा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन लागू गरिएको हो । सङ्क्रामक रोग ऐन २०२० नेपालभर वा नेपाल भित्र कुनै पनि स्थानमा कुनै सङ्क्रामक रोग फैलिएमा वा फैलिने सम्भावना देखिएमा त्यस्तो रोगले उग्र रूप लिन नपाउने गरी रोगको निर्मूल गर्न वा रोकथाम गर्नको लागि व्यवस्था गर्नका लागि यस ऐन जारी गरिएको थियो । माटो तथा जलाधार संरक्षण ऐन, २०३९ ले बाढी, पहिरो र माटो कटान नियन्त्रणमार्फत माटो र जल स्रोत संरक्षणलाई प्रोत्साहन गरेको छ। जलस्रोत ऐन, २०४९ ले वातावरणमा पर्ने असर न्यूनीकरण गर्ने उद्देश्य राखेको छ। त्यस्तै, वन ऐन, २०४९ ले विपद् व्यवस्थापनसँग जोडिएको वन स्रोत व्यवस्थापनको रूपरेखा तयार गरेको छ भने वातावरण संरक्षण ऐन, २०५३ ले कुनै पनि विकास योजना अघि वातावरणीय प्रभाव मूल्यांकन (EIA) अनिवार्य बनाएको छ । यसैगरी भवन निर्माण ऐन, १९९८ ले भूकम्प, आगलागी र अन्य प्रकोपबाट संरचनाहरूको सुरक्षा सुनिश्चित गर्न नियमावली बनाएको छ । तर, यसले स्थानीय निकायलाई दिइएको अधिकार र स्वायत्ततासँग ठोक्किने अवस्था देखिएको छ र जनस्तरमा चेतनाको अभाव पनि उल्लेख गरिएको छ (Nepal, et.al., 2018) ।

नेपालले अन्तर्राष्ट्रिय स्तरमा जनाउँदै आएको प्रतिबद्धताअनुसार नेपालको संविधान, २०७२ को विभिन्न भाग, धारा, राज्यका नीति र अनुसूचीमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको विषयलाई महत्त्वका साथ समेटेको पाइन्छ । विपद् व्यवस्थापनलाई नेपालको संविधान, २०७२ मा राज्यका नीति, सिद्धान्त र दायित्व (अनुच्छेद ५१) अन्तर्गत समावेश गरिएको छ । यसले पूर्वसूचना, तयारी, उद्धार, राहत तथा पुनःस्थापनालाई कानुनी रूप दिएको छ । अनुसूची ७, ८ र ९ मा संघ, प्रदेश र स्थानीय तहको समवर्ती अधिकारभित्र विपद् व्यवस्थापन पनि समावेश गरिएको छ । संविधानको अनुसूची ७ मा प्राकृतिक बिपदबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने कुरा उल्लेख छ । त्यसैगरी संविधानको अनुसूची ७ ले प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरेको छ भने अनुसूची ८ मा विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा सूचीकृत गरेको छ । त्यसैगरी नेपालको संविधान २०७२को अनुसूची ९ ले सङ्घ, प्रदेश र स्थानीय तहकोअधिकारको साझा सूचीमा विपद् व्यवस्थापनलाई समेटेको छ (Maharjan et. al., 2019; MoHA, 2019) ।

नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरूलाई योजनाबद्ध र व्यवस्थित गर्न नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गरेको छ । नेपालको संविधान, २०७२ निर्माण भए पश्चात स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ पछिल्ला महत्त्वपूर्ण कानूनी व्यवस्थाहरू हुन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई विपद् व्यवस्थापन सम्बन्धी अधिकार र जिम्मेवारी दिएको छ । यसले स्थानीय जनसहभागिता र नेतृत्वलाई प्राथमिकता दिदै यस ऐनको परिच्छेद-३ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तरगत विपद् सम्बन्धी नीति, योजना, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्ने, विपद् तयारी, प्रतिकार्य योजना, प्रारम्भिक चेतावनी, राहत सामग्री व्यवस्थापन, नदी तथा पहिरो नियन्त्रण, तटबन्ध निर्माण, जोखिम नक्सांकन, जोखिमयुक्त बस्तीको पहिचान र स्थानान्तरण, संघ, प्रदेश, स्थानीय तथा निजी क्षेत्रसँग समन्वय, विपद् व्यवस्थापन कोषको स्थापना र स्रोतको उपयोग, पुनःस्थापना तथा पुनर्वास, तथ्याङ्क व्यवस्थापन, अनुसन्धान र अध्ययन, आपतकालीन कार्य सञ्चालन प्रणाली विकास, समुदाय आधारित विपद् व्यवस्थापनको कार्यान्वयन लगायतका पक्षहरू समेटेको छ (नेपाल सरकार, २०७४) ।

नेपालले पनि अन्तर्राष्ट्रिय प्रतिबद्धता, विगतका विपद्हरूको अनुभवहरू एवं नेपालको संविधान वमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ कार्यान्वयनमा ल्याएको छ । यस ऐनले प्राकृतिक तथा मानवजनित विपद्लाई छुट्टै परिभाषा दिँदै व्यवस्थापनको विविध आयाम समेटेको छ । यसले केन्द्रदेखि स्थानीयतहसम्मको संरचनागत योजना प्रस्तुत गर्दै विपद् व्यवस्थापनका लागि एक विशिष्टीकृत निकायको रूपमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको

व्यवस्था गर्नुका साथै संघ, प्रदेश र स्थानीय तहको कार्य एवं जिम्मेवारीलाई स्पष्ट गरेको छ । प्रधानमन्त्रीको अध्यक्षतामा विपद् व्यवस्थापन राष्ट्रिय परिषद् र सो अन्तर्गत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण गठन र प्रदेशमा मुख्यमन्त्री र जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा समितिहरू रहने गरिएको छ भने सुरक्षा निकायहरूको स्पष्ट जिम्मेवारी पनि निर्धारण गरिएको छ । यसैगरी विपद् सम्भावित क्षेत्रको घोषणा, स्थानीय सहभागिता र कार्य विभाजनको प्रावधान गरिएको छ साथै यस अल्पिकरण, आकस्मिक पूर्वतयारी, प्रतिकार्य र पुर्नलाभ प्राकृतिक र गैरप्राकृतिक विपद्लाई समेटिएको विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा व्यवस्थापन गर्न र प्राकृतिक तथा गैरप्राकृतिक विपद् बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्ने जस्ता पक्षहरू पनि समेटिएको छ (नेपाल सरकार, २०७४) । समग्रमा यस ऐनले विपद व्यवस्थापनमा एक 'छाता ऐन' को रूपमा कार्य गर्दछ, जसले संघीय संरचनाअनुसार विपद् व्यवस्थापनको जिम्मेवारी स्थानीय तहसम्म पुऱ्याउने प्रयास गरेको देखिन्छ ।

विपद् पूर्वतयारी र विपद् पछिको खोज, उद्धार र राहत कामलाई व्यवस्थित तुल्याउन, जिम्मेवारीको बाँडफाँड गर्न र समन्वयलाई प्रभावकारी बनाउन राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७० प्रथम संशोधन (२०७५) तयार गरिएको छ । यसैगरी विपद् जोखिम व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्धित केही महत्त्वपुर्ण नीतिगत व्यवस्था गरिएको छ । यसमा प्रमुख रूपमा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ पर्दछ । यसले विपद् जोखिम न्यूनीकरण,विपद् जोखिम न्यूनीकरणलाई जलवायू परिवर्तन अनुकुलनका क्रियाकलापासँग एकीकरण गर्दै समग्र विकास प्रक्रिया मूलप्रवाहिकरण गर्ने, विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी लगानी वृद्धि गरी उत्थानशीलता अभिवृद्धि गर्ने विपद व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण र बहुप्रकोप पुर्व सूचना प्रणालीको विकास र विस्तार आदी पक्षहरू समेटेको छ (गृह मन्त्रालय, २०७५) ।

नेपालमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि विभिन्न क्षेत्रगत नीतिहरू तथा रणनीतिहरू लागू गरीएका छन्, जसले बहुआयामिक दृष्टिकोणबाट विपद् न्यूनीकरणको आधार तयार गरेका छन् । यस्ता प्रमुख नीतिहरूमा वन क्षेत्र सम्बन्धी नीति (Forestry Sector Policy) राष्ट्रिय कृषि नीति २०६१, उद्योग नीति २०६७, राष्ट्रिय स्वास्थ्य नीति २०७१, जल उत्पन्न प्रकोप व्यवस्थापन नीति २०७२, कृषि विकास रणनीति (२०७२-२०२९), सेन्डाई कार्यढाँचा २०१५, तथा नेपाल सडक सुरक्षा कार्ययोजना (२०७०-२०७७), राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० आदि समावेश छन् (आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, २०७७) ।

सन् २००० मा लागु गरिएको वन क्षेत्र सम्बन्धी नीति (Forestry Sector Policy) को एक दीर्घकालीन उद्देश्य भूमि क्षय, माटो कटान, बाढी, पहिरो, मरूभूमीकरण तथा अन्य पर्यावरणीय

असन्तुलनबाट जमिनको संरक्षण गर्नु हो भने राष्ट्रिय कृषि नीति २०६१ ले प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण, प्रवर्द्धन र दिगो उपयोगमा जोड दिँदै दैवी प्रकोपजस्तै अतिवृष्टि, अनावृष्टि, रोग, कीरा तथा अन्य प्रकोपको प्रभाव मूल्यांकन गर्न निगरानी प्रणालीको विकास र कृषि राहत परिचालन सुनिश्चित गर्नुपर्ने कुरा उल्लेख गरेको छ। यसले विपद्का कारण कृषिमा हुने क्षतिको न्यूनीकरणमा योगदान पुऱ्याउने लक्ष्य राखेको छ।

उद्योग नीति २०६७ ले औद्योगिक क्षेत्रमा आगलागीको जोखिम न्यूनीकरणका लागि आधुनिक बारूण यन्त्रको व्यवस्था स्थानीय तहसँग समन्वय गरी गर्नुपर्ने र कुनै प्राकृतिक विपद्का अवस्थामा उद्योगहरूले दिनसक्ने सहायता वा सामाजिक सेवामा कर छुट दिने व्यवस्था राखेको छ। यसले निजी क्षेत्रलाई विपद् प्रतिकार्य र सहायता प्रदान गर्न प्रोत्साहन दिने अपेक्षा गरिएको छ।

राष्ट्रिय स्वास्थ्य नीति २०७१ ले जलवायु परिवर्तनबाट स्वास्थ्यमा पर्न सक्ने प्रभावहरूलाई सम्हाल्न समष्टिगत र दिगो उपायहरू अवलम्बन गर्न जोड दिएको छ। यस नीतिअनुसार, जलवायु परिवर्तनका कारण उत्पन्न हुने नयाँ स्वास्थ्य चुनौतीहरूलाई सम्बोधन गर्न बहुपक्षीय सहकार्य आवश्यक छ। विभिन्न क्षेत्रीय तथा राष्ट्रिय सरोकारवाला निकायहरूबीच सहकार्य गर्दै स्वास्थ्य सेवा प्रणालीलाई जलवायु जोखिमको अनुकूल बनाउने लक्ष्य लिएको छ। नीति अनुसार, वातावरणीय परिवर्तनका कारण देखिने रोगहरूको पहिचान, रोकथाम, उपचार तथा जोखिम न्यूनीकरणमा विशेष ध्यान दिइनेछ। यसले दीगो विकास र जनस्वास्थ्य सुरक्षामा महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

जल उत्पन्न प्रकोप व्यवस्थापन नीति २०७२ विभिन्न समन्वित अवधारणामा आधारित छ। यसले तटबन्ध, स्पर, चेकड्याम, बायोइन्जिनियरिङ् लगायतका प्रविधिहरूको प्रयोग गर्दै जनसहभागितामूलक पद्धतिबाट प्रकोपबाट हुने भौतिक तथा आर्थिक क्षतिको न्यूनीकरण गर्ने, निर्माण गरीएका संरचनाहरूको आवश्यकतानुसार मर्मत, संभार तथा पुनःस्थापना गर्ने, जनसंख्या वृद्धि, आप्रवासन, जलवायु परिवर्तन, अवैज्ञानिक भू-उपयोग लगायतका कारणले जलाधार क्षेत्र, वस्ती, पूर्वाधार तथा समुदायमा पर्न सक्ने प्रतिकूल प्रभावको अध्ययन गरी अनुकूलन कार्यक्रम सञ्चालन गर्ने, विकेन्द्रीकरणको सिद्धान्त अनुरूप आपतकालीन नदी तथा पहिरो नियन्त्रण र व्यवस्थापनमा उपयुक्त प्रविधि अवलम्बन गर्दै स्थानीय निकायको सक्रिय संलग्नता सुनिश्चित गर्ने, नदी तथा पहिरो नियन्त्रणमा प्रभावकारिता बढाउन संस्थागत सुदृढीकरणका साथै जनशक्तिको विकास र परिचालन गर्ने जस्ता उद्देश्यहरू लिएको छ। यसैगरी नदी, जलाधार तथा जलजन्य वातावरणको संरक्षण र पूर्वाधारहरूको दिगो उपयोगको मार्गचित्रसमेत समावेश गरिएको छ।

नदी तथा जल उत्पन्न विपद् व्यवस्थापन राष्ट्रिय नीति, २०८० ले विपद समस्या समाधानका निम्ति एकीकृत नदी-बेसिन आधारको दृष्टिकोण अपनाएको छ; । यो नीति राष्ट्रिय जलस्रोत नीति, २०७७, जलस्रोत रणनीति, २००२, राष्ट्रिय जलयोजना, २००५ तथा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय

नीति, २०७५ ले परिकल्पना गरेको एकीकृत जलस्रोत व्यवस्थापनका मार्गदर्शक सिद्धान्त अनरूप जल उत्पन्न विपद् व्यवस्थापनलाई समग्र नदी बेसिनमा आधारित विकास तथा व्यवस्थापन कार्यको एक अंशका रूपमा पर्यावरणीय दृष्टिकोणका अतिरिक्त आर्थिक दृष्टिकोणलेपनि सम्भाव्य र दिगो बनाउँदै तीनै तहका सरकार, गैरसरकारी संस्था, स्थानीय समुदायर निजी क्षेत्रको संलग्नता र समन्वयमार्फत नदी व्यवस्थापन र जलउत्पन्न विपद् न्यूनीकरण गर्ने राज्यको दीर्घकालीन सोच अनरूप तर्जुमा गरिएको छ । यस नीतिमा नदी प्रणालीको संरक्षण, नियमन र समुचित उपयोग सुनिश्चित गर्दै संरचनात्मक तथा गैर-संरचनात्मक उपायहरू प्रयोग गरीने, जोखिम क्षेत्रहरूको वर्गीकरण र वैज्ञानिक जोखिम नक्साङ्कन, बहु-प्रकोप पूर्वसूचना प्रणालीको विकास र जलवायु-अनुकूल दीर्घकालीन पहलहरू समावेश छन् (नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, २०८०)

कृषि विकास रणनीति (२०७२-२०२९) ले जलवायु परिवर्तन र विपद् प्रतिरोधात्मक क्षमता विकास गर्न मौसम तथा जलवायु पूर्वसूचना प्रणालीको स्थापना, सुख्खा तथा पानी खपत कम गर्ने जातको अनुसन्धान, किसान कल्याणकारी कोषको स्थापना, कृषि बीमाको प्रवर्द्धन, खाद्य, बीउ तथा पशु आहार भण्डारण प्रणालीको विकास, पूर्वतयारी तथा प्रतिकार्य कोषको स्थापना लगायतका प्रावधानहरू समावेश गरी विपद्का प्रभावबाट कृषि क्षेत्रमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्ने उद्देश्य राखेको छ ।

यसैगरी नेपाल सडक सुरक्षा कार्ययोजना (२०७०-२०७७) मा सुरक्षति सडक पूर्वाधार र सेवाहरूको व्यवस्था तथा दुर्घटना पश्चात प्रभावकारी प्रतिकार्य मार्फत जनधन तथा आर्थिक क्षति कम गर्नका लागि सडक सुरक्षा व्यवस्थापन, सुरक्षित सडक तथा आवागमन, सुरक्षित सवारी साधन, सुरक्षित सडक प्रयोगकर्ता र दुर्घटना पश्चात प्रतिकार्य जस्ता पाँच आधार स्तम्भहरू अन्तर्गत विभिन्न क्रियाकलपाहरू समावेश गरिएको छ ।

राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संशोधन, २०७५) ले विपद् पूर्वतयारी तथा विपद् पछिको खोज, उद्धार र राहत कार्यलाई व्यवस्थित, प्रभावकारी र समन्वित बनाउने स्पष्ट रूपले व्यवस्था गरेको छ । यस कार्यढाँचाले विपद् प्रतिकार्यका क्रममा जिम्मेवारी बाँडफाँड कसरी गर्ने, विभिन्न निकायबीच कसरी समन्वय गर्ने भन्ने विषयलाई स्पष्ट पारेको छ। यसमा अन्तर्राष्ट्रिय सहयोग आवश्यक परेमा सहयोगको अपिल (appeal) कसरी गर्ने, त्यो अपिलको जिम्मेवारी कसले लिने, सहायताको समन्वय कसरी गर्ने र त्यसक्रममा ध्यान दिनुपर्ने पक्षहरूलाई समेत व्यवस्थित गरिएको छ। साथै, आपत्कालीन अवस्थामा समन्वय सुदृढ बनाउन विषय क्षेत्रगत समूह (Cluster Approach) को व्यवस्था गरिएको छ । विपद् सूचना संकलन, त्यसको विश्लेषण र प्रभावको मूल्याङ्कन गरी आवश्यक प्रतिकार्य सञ्चालन गर्ने विषयमा पनि कार्यढाँचाले स्पष्ट निर्देश दिएको छ । उक्त कार्यढाँचाले विपद् पछिका विभिन्न चरणहरूमा प्राथमिकता दिनुपर्ने कार्यहरू पहिचान गर्दै, ती कार्यहरू कसले, कहिले र कसरी गर्ने भन्ने जिम्मेवारी पनि निर्धारण गरेको छ । यसरी, विपद् व्यवस्थापनको सम्पूर्ण प्रक्रिया–

पूर्वतयारीदेखि राहत, पुनःस्थापना र पुनर्निर्माणसम्म यस कार्यढाँचाले समेटेको छ आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश.२०७७) ।

नेपालले सेन्डाई (जापान) कार्यढाँचा २०१५ पारित गरेको छ । यसले ४ वटा प्राथमिकता क्षेत्रहरू तोकी विपद् व्यवस्थापनमा समाजका सबै तहको सहभागितालाई सुनिश्चित गर्दै विपद् उत्थानशील समुदाय र राष्ट्रको विकास गर्ने लक्ष्य लिएको । जसमा प्राथमिकता प्राप्त क्षेत्र १ : विपद् जोखिम बारे बुझाई, प्राथमिकता प्राप्त क्षेत्र २ : संघ, प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण, प्राथमिकता प्राप्त क्षेत्र ३ : विपद् जोखिम न्यूनीकरणका लागि उत्पानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्द्धन र प्राथमिकता प्राप्त क्षेत्र ४ : प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणमा 'अझ राम्रो र बलियो निर्माण' का लागि विपद् पूर्वतयारीको सुदृढीकरण पर्दछन् (Bhandari, et.al., 2020) । नेपालले विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचा (२०१५-२०३०)को मार्गदर्शनहरूलाई आत्मसात् गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजना (२०७५-२०८७) तयार गरेको छ । यस रणनीतिक कार्ययोजनामा हरेक स्थानीय तहलाई उत्थानशील बनाउँदै उत्थानशील राष्ट्र निर्माणमा योगदान हुने विश्वास लिइएको छ (आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, २०७७) । नेपालमा विपद् निम्त्याउने सडक दुर्घटना, महामारी, भूकम्प, पहिरो, बाढी, हिमपात पहिरो, खडेरी, आगलागी मुख्य प्रकोपहरू भएका र तिनले पार्दै आएको विपद्को अवस्थाका सम्बन्धमा चित्रण गरी विपद्को समग्र अवस्थाका सम्बन्धमा विवेचना गरिएको छ । विपद्का आयामहरू गतिशील भएकाले सम्मुखता र संकट उन्मुखता घटाएर तथा उत्थानशील अभिवृद्धि गरेर विपद् जोखिम न्यूनीकरण गर्न रणनीतिक कार्ययोजनाले जोड दिएको छ । यी सबै नीतिगत पहल र रणनीतिहरूले नेपालमा विपद् व्यवस्थापनलाई बहु-क्षेत्रीय, बहु-आयामिक र दिगो बनाउँदै जान सहयोग पुऱ्याएका छन् । रणनीतिक कार्ययोजनाले विपद् न्यूनीकरणका उपायहरूलाई संस्थागत गर्दै सबै तह र क्षेत्रलाई उत्तरदायी तथा उत्थानशील बनाउने दिशामा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको छ ।

यसैगरी नेपालमा बिपद व्यवस्थापनमा प्रत्यक्ष अप्रत्यक्ष सरोकार राख्ने अन्य नीतिहरू, नियमावली, निर्देशिका र कार्यविधिहरू निर्माण गरिएको छ । राष्ट्रिय विउ विजन नीति, २०५६, जलस्रोत रणनीति २०५९, राष्ट्रिय शहरी विकास रणनीति २०७३, आपूर्ति नीति २०६९ (२०७० २०७७), सिँचाइ नीति २०७०, कृषि जैविक विविधता नीति २०६३, राष्ट्रिय भू-उपयोग नीति, २०६९, वन डढेलो व्यवस्थापन रणनीति २०६३, पन्छीपालन नीति २०६८, खर्क नीति २०६८ आदि नीतिहरू महत्त्वपुर्ण मानिन्छन । यसैगरी स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८, विपद् पीडित पुनर्वास संचालन कार्यविधि २०७१, फोहरमैला व्यवस्थापन नियमाबली २०७०, मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमाबली, २०५२, संरक्षण क्षेत्र व्यवस्थापन नियमाबली, सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन २०६५, र वन पैदावार (काठ/दाउरा) सङ्कलन तथा वितरण निर्देशिका२०५७ रहेका छन् ।

यस्तै पशु स्वास्थ्य तथा पशुसेवा नियमाबली, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६, प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड (छैठौं संशोधन) २०७४ जस्ता अन्य कानुन, नियमावली निर्देशिका र कार्यविधिहरूले पनि विपद व्यवस्थापनमा महत्त्व राख्दछन् । (गृह मन्त्रालय, २०७१, २०७५; Nepal Law Commission. (n.d.); कोइराला, २०८०) ।

## नेपालमा बिपद् व्यवस्थापनका संस्थागत संयन्त्रहरू

नेपालमा बिपद् व्यवस्थापन कार्यान्वयनका लागि केन्द्रदेखि स्थानीय तहसम्म विभिन्न संस्थागत संयन्त्रहरू स्थापना गरिएको पाइन्छ । परम्परागत रूपमा दैवी प्रकोप उद्धार समितिहरू, नेपाल सरकारका विभिन्न निकाय तथा प्रतिष्ठानहरू महत्त्वपूर्ण भूमिकामा रहे पनि, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को प्रावधान अनुसार नवीन संस्थागत संरचनाहरूको विकास गरिएको छ। यस ऐनले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्, कार्यकारी समिति, प्राधिकरण, साथै प्रदेश, जिल्ला र स्थानीय तहका समितिहरूको व्यवस्था गरेको छ (नेपाल सरकार २०७४) ।

यस ऐनले नेपालमा विपद् व्यवस्थापनका लागि आवश्यक संस्थागत संरचना तथा संघ प्रदेश तथा स्थानीय तहको जिम्मेवारी र अधिकार क्षेत्र पनि प्रष्ट रूपमा निर्धारण गरेको छ । जसअनुसार, प्रधानमन्त्रीको अध्यक्षतामा गठित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् नीति तथा योजनाको स्वीकृति दिने उच्चतम निकायको रूपमा कार्य गर्दछ। परिषद्बाट स्वीकृत नीति तथा योजनाको कार्यान्वयनका लागि गृहमन्त्रीको अध्यक्षतामा कार्यकारी समिति गठन हुने व्यवस्था छ, जसले विपद् व्यवस्थापनसम्बन्धी रणनीति, योजना तथा कार्यक्रम स्वीकृत गरी लागू गर्ने जिम्मेवारी वहन गर्दछ । यसका अतिरिक्त, विपद् व्यवस्थापनसम्बन्धी नीति, योजना तथा कार्यक्रम निर्माणमा सल्लाह-सुझाव प्रदान गर्न, तथा विपद्-सम्बन्धी अध्ययन तथा अनुसन्धानमा संलग्न रहन, भूगर्भविज्ञ, चिकित्सक, विपद् व्यवस्थापन विज्ञ, वातावरण विज्ञ तथा पूर्वाधार विज्ञहरूको समावेशसहितको विशेषज्ञ समिति गठनको व्यवस्था छ । राष्ट्रिय स्तरमा विपद् व्यवस्थापनसम्बन्धी नीति, योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्न तथा सम्बन्धित गतिविधिहरूको प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्न गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना गरिएको छ (नेपाल सरकार, २०७४) ।

प्रदेश स्तरमा ऐनले मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन समिति गठनको व्यवस्था गरेको छ । जिल्लास्तरमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समिति कार्यरत हुन्छ भने स्थानीय तहमा गाउँपालिकाका अध्यक्ष तथा नगरपालिकाका मेयरको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समिति गठन हुने प्रावधान राखिएको छ ।

## प्रमुख चुनौतीहरू तथा सुझावहरू

नेपाल एक प्राकृतिक विपद्-संवेदनशील देश हो जहाँ भौगोलिक विविधता, अव्यवस्थित विकास र जलवायु परिवर्तनका कारण विभिन्न प्रकारका विपद् बारम्बार आइरहन्छन् । यहाँ भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, खडेरी, हिमपहिरो, हिमताल फुट्ने लगायतका प्राकृतिक विपद् मात्र नभई मानवजनित विपद्हरू जस्तैः औद्योगिक दुर्घटना, महामारी र आगलागीहरू पनि बढ्दो क्रममा छन् ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि नेपाल सरकारले कानुनी र नीतिगत आधारहरू तयार गरेको छ । विपद् व्यवस्थापनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण नीति, २०७५ आदि विभिन्न नीति कानुन तथा संस्थागत आधार तयार गरी संघ प्रदेश र स्थानिय गरी तीन तहमा विपद जोखिम पूर्वानुमान, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ सम्बन्धी क्रियाकलापहरू संचालन भए पनि सोचे अनुसार परिणाम प्राप्त भएको देखिँदैन ।

अतः नेपालमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कानुनी र नीतिगत आधारहरू व्यवस्थाले संस्थागत ढाँचाको विकास भए पनि व्यवहारमा विपद् व्यवस्थापन अझै पनि चुनौतीपूर्ण छ । संस्थागत कमजोरी, नीति-कानुनको प्रभावकारी कार्यान्वयनको अभाव, संघीय सरकारबीच समन्वयको कमी, र स्थानीय तहमा दक्ष जनशक्ति र स्रोतको अभाव प्रमुख समस्या हुन् । विपद् व्यवस्थापनका लागि आवश्यक पर्ने उपकरण, पूर्वसूचना प्रणाली, उद्धार र राहत सामग्री अझै पर्याप्त छैनन् । पूर्व चेतावनी प्रणाली (Early Warning Sysyem) जस्ता आधुनिक प्रविधिको अभाव छ । नागरिक तहमा विपद् सम्बन्धी चेतना कम हुनु, विद्यालय तथा समुदायस्तरमा पूर्वतयारी कार्यक्रम कमजोर हुनु, र प्रविधिको सीमित प्रयोगले समस्या थपिएको छ । जलवायु परिवर्तनको असरले बाढी, पहिरो, खडेरी र अन्य जलवायुजन्य विपद्हरू अझै जटिल बन्दै गएका छन् । यसैगरी विपद् व्यवस्थापनमा सरोकारवाला निकायहरूबीच पर्याप्त तालमेल, समन्वय र सहकार्य नहुनु, कतिपय ऐनमा भिन्न भिन्न निकायका बीचमा क्षेत्राधिकार बाझिने समस्या रहेका छन् । उदाहरणको लागि जलस्रोत ऐन अनुसार जलस्रोतको स्वामित्व केन्द्र सरकारमा रहन्छ तर स्थानिय सरकार सन्चालन ऐनअनुसार स्थानीय तहको हुन्छ । यस्तै स्थानीय तह र शहरी विकास तथा भवन निर्माण बिभाग बीचमा पनि भवन सहिंता लागु गराउने विषयमा क्षेत्राधिकार बाझिन्छ (Nepal, Khanal, & Sharma, 2018) । यसैगरी गरीबी, बनबिनास, अव्यवस्थित शहरीकरण र जोखिम असंवेदनशील विकासका कार्यहरूले गर्दा विपद् सङ्कटासन्नतामा अझ बृद्धि भइरहेको देखिन्छ ।

यी चुनौतीहरूको समाधान गर्न दीर्घकालीन रणनीति, पूर्वतयारीमा आधारित योजना, प्रविधिमैत्री दृष्टिकोण, र स्थानीय सरकारको सशक्त सहभागिता आवश्यक छ । विपद् शिक्षा विद्यालय तहदेखि शुरू गर्नुपर्छ, चेतनामूलक कार्यक्रमहरू ग्रामीण तहसम्म पुऱ्याउनुपर्छ र पूर्वानुमान प्रणालीलाई सुदृढ बनाइनुपर्छ।

जोखिम नक्सांकन, संकट व्यवस्थापन योजना, वित्तीय स्रोत सुनिश्चितता र विपद् प्रतिकार्य अभ्यास नियमित रूपमा गरिनुपर्छ । संघ-प्रदेश-स्थानीय तहबीच त्रिस्तरीय सरकारबीच सहकार्य, सहजीकरण र स्रोतको आदान-प्रदानको संयन्त्र सुदृढ गर्न आवश्यक छ । त्यसैगरी स्थानीय स्तरमा सशक्त तयारी, स्रोत व्यवस्थापन, आधुनिक तथा रैथाने प्रविधिको प्रयोग गर्नुपर्छ । विपद् व्यवस्थापन केवल उद्धारमा सीमित नरही जोखिम न्यूनीकरण, पुनःस्थापना र दीर्घकालीन अनुकूलनको समन्वित प्रक्रिया हुन आवश्यक छ । यसैगरी प्राकृतिक स्रोतको दीगो उपयोग गर्ने, विपद् उत्थानशील विकास प्रक्रियाको अनिबार्य अवलम्बन गर्ने, विकास निर्माणमा विपद् व्यवस्थापनको मूलप्रवाहीकरणलाई तीब्र बनाउने, बिपद सम्भावित क्षेत्रको पहिचान तथा नक्साङ्कन गर्ने, प्रभावकारी सूचना प्रणालीका व्यस्थापन गर्ने दक्ष र यथेष्ट मानव स्रोत, आपुर्ति सुनिश्चित गर्ने, ऐन कानुन तथा नियममा स्पस्टता एवं भएको क्षेत्राधिकारमा भएको दोहोरोपन हटाउनें र बैदेशिक सहयोग अभिवृद्धि आदि उपायहरू अबलम्बन गरिनुपर्छ ।

यसरी हेर्दा, नेपालमा विपद् व्यवस्थापन केवल उद्धार र राहतमा सीमित नरही, दीगो विकास, वातावरणीय सुरक्षा र मानव सुरक्षासँग प्रत्यक्ष सम्बन्धित विषय हो । सरकार, गैरसरकारी संस्था, समुदाय र जनताबीचको सहकार्यबाट मात्रै प्रभावकारी विपद् व्यवस्थापन सम्भव छ। समयमै पूर्वतयारी, नीतिको कार्यान्वयन र जनचेतनाको विकास गर्न सकेमा विपद्का कारण हुने जनधनको क्षति न्यून गर्न सकिन्छ र नेपाललाई सुरक्षित, सहनशील तथा समृद्ध राष्ट्रको रूपमा निर्माण गर्न सकिन्छ ।

## निष्कर्ष (Conclusion)

नेपाल एक प्राकृतिक रूपमा विपद्-संवेदनशील राष्ट्र हो, जहाँ हरेक वर्ष भूकम्प, बाढी, पहिरो, आगलागी, चट्याङ, महामारी, शीतलहर, हिमपहिरो लगायतका विपद्हरूले ठुलो जनधनको क्षति पुऱ्याउँदै आएका छन् । यी विपद्हरूले मानवीय क्षतिसँगै भौतिक संरचना, घरहरू, आर्थिक अवस्था, सामाजिक जीवन र विकासका पूर्वाधारहरूमा गहिरो असर पुऱ्याएका छन् । यी सबै घटनाहरूले देखाउँछन् कि नेपालमा विपद् व्यवस्थापन अझ प्रभावकारी, वैज्ञानिक र समुदाय-आधारित हुन जरूरी छ । दीर्घकालीन रणनीति, पूर्वतयारी, जोखिम न्यूनीकरण, र जनचेतनामूलक कार्यक्रम बिना विपद्का असर न्यूनिकरण गर्न सकिँदैन । त्यसैले विकासका सबै पक्षसँग विपद् जोखिम न्यूनीकरणलाई समेट्दै अगाडि बढ्नु अत्यावश्यक छ ।

सन् २०१६ देखि २०२३ सम्मको अवधिमा विपद्का कारण हजारौं मानिसको मृत्यु, लाखौंको संख्यामा घरपरिवार प्रभावित र अर्बौंको सम्पत्ति नोक्सानी भएको देखिन्छ। यस्तो स्थितिमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अत्यन्तै संवेदनशील र प्राथमिकताको विषय बनेको छ। यसैले बिपदबाट मानिसहरूलाई बचाउनु, बिपदका घटना आउन नदिन पिडीतलाई उद्दार तथा पुनःस्थापना गर्न बिपद व्यवस्थापन जरूरत पर्दछ बिपदजन्य घटनाहरूबाट हुने क्षति न्यूनीकरण गर्नु, आपतकालीन पूर्वतयारी तथा पीडितलाई उद्धार र पुनर्स्थापना गर्नका लागि प्रभावकारी विपद् व्यवस्थापन प्रणालीको खाँचो पर्दछ ।

नेपालले संविधान, ऐन, नीति, नियमावली, निर्देशिका तथा कार्ययोजना मार्फत विपद् व्यवस्थापनका लागि कानुनी र संस्थागत संरचना निर्माण गरेको छ। संघ, प्रदेश र स्थानीय तहका सरकारहरूलाई स्पष्ट जिम्मेवारी दिइएको छ भने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय नीति, २०७५ लगायतका कानुनी दस्तावेजहरूले कार्यान्वयनको आधार तयार पारेका छन् । अन्तर ाष्ट्रिय रूपमा सेन्डाई कार्यढाँचा २०१५ को मार्गदर्शनलाई आत्मसात् गर्दै दीर्घकालीन रणनीतिक कार्ययोजनाहरू तयार पारिएका छन् । यद्यपि, यी संरचनाहरू व्यवहारमा प्रभावकारी रूपमा लागू हुन नसकेको स्पष्ट देखिन्छ । नीति-कानुन कार्यान्वयनमा कमजोरी, स्रोत र साधनको अभाव, प्राविधिक दक्षताको कमी, समन्वयको अभाव, र जोखिम चेतनाको न्यूनताले गर्दा विपद् व्यवस्थापन अझै चुनौतीपूर्ण बनेकोछ । विशेषगरी स्थानीय तहमा पर्याप्त जनशक्ति, प्रविधि र पूर्वतयारीको अभावका कारण विपद्का बेला प्रभावकारी प्रतिकार्य गर्न कठिन भइरहेको छ । त्यसैले, अबको प्राथमिकता विपद् व्यवस्थापनको संरचनालाई व्यवहारमा प्रभावकारी बनाउनु हो । यसका लागि विपद् पूर्वतयारीलाई विद्यालय, समुदाय र स्थानीय तहसम्म विस्तार गर्नुपर्छ । पूर्वसूचना प्रणाली सुदृढ पार्न, आधुनिक प्रविधिको प्रयोग बढाउन, जनचेतना कार्यक्रम सञ्चालन गर्न, जोखिम नक्साङ्कन र योजना निर्माण गर्न, तथा संस्थागत समन्वयलाई सुदृढ पार्न आवश्यक छ । दीगो विकास र विपद् प्रतिरोधात्मक समाज निर्माणका लागि सरकार, नागरीक समाज, निजी क्षेत्र, सञ्चार माध्यम, र अन्तर्राष्ट्रिय साझेदारबीच समन्वय र सहकार्य अनिवार्य छ। यस्ता समन्वित प्रयासले मात्र नेपाललाई सुरक्षित, सक्षम र विपद्-सहनशील राष्ट्रको रूपमा निर्माण गर्न सकिन्छ ।

## सन्दर्भ सामग्रीहरू

Bhandari, D., Neupane, S., Hayes, P., Regmi, B., & Marker, P. (2020). *Disaster risk reduction and management in Nepal: Delineation of roles and responsibilities*. Oxford Policy Management.

Mainali, J., & Pricope, N. G. (2017). High-resolution spatial assessment of population vulnerability to climate change in Nepal. *Applied Geography, 82*, 66–82. https://doi.org/10.1016/j.apgeog.2017.03.008

Maharjan, A., Khatri, S. B., Thapa, L., Pant, R. R., Pathak, P., Bhatta, Y. R., Rijal, K., & Bishwakarma, K. (2019). Solid waste management: Challenges and practices in the Nepalese context. *Himalayan Biodiversity, 7*, 6–18.

Ministry of Home Affairs. (2016). *Nepal disaster report 2016*. Government of Nepal.

Ministry of Home Affairs. (2019). *Nepal disaster report 2019*. Government of Nepal.

National Statistics Office. (2024). *Environment statistics of Nepal 2024*. Government of Nepal.

Nepal, P., Khanal, N. R., & Sharma, B. P. (2018). Policies and institutions for disaster risk management in Nepal: A review. *The Geographical Journal of Nepal, 11*, 1–24. https://doi.org/10.3126/gjn.v11i0.22373

Nepal Law Commission. (n.d.). *Law documents and legal resources*. Retrieved July 23, 2025, from http://www.lawcommission.com

Pandey, H. (2069 B.S.). Prakop ra yasko wyabasthapan. *VIKAS: A Journal of Development, 33*(1).

Pant, R. R., Bishwakarma, K., Ghimire, A., Shrestha, K., Maskey, R., Joshi, B. R., ... & Koirala, M. (2020). Disaster management and role of academic institutions in Nepal: Current status and way forward. *Himalayan Biodiversity*, 27–35.

Regmi, P. (2023). Dimension of disaster and coping strategy in Nepal (1971–2020). *Rupantaran: A Multidisciplinary Journal, 7*(1), 63–75.

Tuladhar, G., Yatabe, R., Dahal, R. K., & Bhandary, N. P. (2014). Knowledge of disaster risk reduction among school students in Nepal. *Geomatics, Natural Hazards and Risk, 5*(3), 190–207.

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश (२०७७). *कर्णाली प्रदेशको विपद् व्यवस्थापन सम्बन्धी नीतितथा कार्यक्रम र तथ्यांकिय झलक* .कर्णाली प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालय ।

गृह मन्त्रालय (२०७५), *विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५* नेपाल सरकार ।

गृह मन्त्रालय, (२०७१), *विपद् व्यवस्थापन दिग्दर्शन, २०७१*, नेपाल सरकार ।

नेपाल सरकार (२०७४), *विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४*, नेपाल सरकार ।

नेपाल सरकार (२०७४), *स्थानिय सरकार सञ्चालन ऐन, २०७४,* नेपाल सरकार ।

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय (२०८०) *नदी तथा जल उत्पन्न विपद् व्यवस्थापन राष्ट्रिय नीति, २०८०,* नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय ।

कोइराला प्रदिपकुमार (२०८०) विपद व्यवस्थापनको प्रभावकारितामा देखिएका चुनौति र समाधान, *प्रशासन ५५(१)*,३०-४२ ।